परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ४२ २०८३ जेष्ठ १० आईतवार Sunday, 24 MAY 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## जिल्ला प्रहरी कार्यालय मोरङको अगुवाईमा लागुऔषध विरुद्धको महाअभियान शुरु हुँदै

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोर्ङको अगुवाईमा लागु औषध विरुद्धको महाअभियान आईतवार देखि शुरु गरिने भएको छ ।

जेठ १० गते आइतबारदेखि औपचारिक रूपमा अभियान सुरु हुने भएको छ । जिल्ला प्रहरी कार्यालय मोरङको अगुवाइमा सुरु हुन लागेको महाअभियानको उद्घाटन कोशी प्रदेशको राजधानी विराटनगरमा भव्य कार्यक्रमका साथ गरिने भएको छ । आइतबार बिहान विशेष समारोहमार्फत शुभारम्भ गरिने महाअभियानको सबै तयारी पूरा भएको मोरङ प्रहरीले जनाएको छ ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुली, विराटनगर महानगरपालिकाका मेयर नागेश कोइराला, नेपाल प्रहरीका आईजीपी दानबहादुर कार्की, गृह मन्त्रालयका राष्ट्रिय लागुऔषध नियन्त्रक सुमन घिमिरे तथा कोशी प्रदेश प्रहरी प्रमुख डीआईजी विनोद



घिमिरेलगायत उच्च अधिकारी हरूको उपस्थिति रहनेछ । महाअभियान सञ्चालनको नेतृत्व मोरङ प्रहरी प्रमुख एसपी कवित कटवालले गरिनेछ

अभियानको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै लागुऔषध नियन्त्रणलाई अब व्यापक सामाजिक आन्दोलनको रूपमा अघि बढाइने बताए । अभियान शुभारम्भका अवसरमा एसपी कटवालले लागुऔषधसम्बन्धी विस्तृत प्रस्तुति दिने कार्यक्रम पनि तय गरिएको छ ।

उद्घाटन समारोहमा लागुऔषधको सेवनले मानव स्वास्थ्यमा पार्ने गम्भीर असर र त्यसले निम्त्याउने सामाजिक तथा मानसिक समस्याका बारेमा डा. अजिता पौडेलले विशेष जानकारी दिनेछिन् । साथै, पूर्वलागुऔषध प्रयोगकर्ताले आफ्ना व्यक्तिगत अनुभव साझा गर्दै यसले जीवनमा पारेको विनाशकारी प्रभावबारे प्रत्यक्ष अनुभव सुनाउने छन् ।

कार्यक्रमलाई अझ प्रभाव कारी बनाउन 'अन्धकारबाट उज्यालो' शीर्षकको नाटक पनि प्रदर्शन गरिनेछ । जसले लागुऔषध दुर्व्यसनको अन्धकार र त्यसबाट मुक्त जीवनतर्फको यात्रालाई कलात्मक रूपमा प्रस्तुत गर्नेछ ।

महाअभियानको शुभारम्भ पछि सरोकारवाला निकायहरूले नौ बुँदे प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नेछन् । उक्त प्रतिबद्धतामा लागुऔषध नियन्त्रणका लागि सरकारी निकाय, स्थानीय तह, सुरक्षा संयन्त्र, शैक्षिक संस्था र समुदायबीच सहकार्यलाई मजबुत बनाउने, सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने तथा संयुक्त रूपमा कार्यान्वयन गर्ने विषयहरू समेटिएको छ ।

कार्यक्रमअघि विराटनगरमा

वांकी अन्तिम पेजमा...

## आन्दोलनको लागि तयार रहन आह्वान

विराटनगर । नेपाल पत्रकार महासंघ मोरङको वार्षिक साधारण सभालाई विहीवार नेपाल पत्रकार महासंघकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले सम्बोधन गर्दै सरकारी विज्ञापन सरकारी संचार माध्यमलाई दिने निर्णय गरेको सरकार विरुद्ध आन्दोलनको संकेत गर्दै पत्रकारहरूलाई अन्दोलनको लागि तयारी अवस्थामा रहन आह्वान गरेकोछ ।

अध्यक्ष शर्माले सरकारी विज्ञापन वितरण प्रक्रियामा सरकारले देखाएको रवैयाप्रति असन्तुष्टि जनाउँदै निर्णय नसच्याएसम्म आन्दोलन जारी रहने भन्दै 'अब आन्दोलनको विकल्प छैन, देशभरका पत्रकार आन्दोलनमा होमिन तयार भएर बस्नुपर्छ ।'

सरकारले तानासाह प्रवृति देखाउँदै सञ्चार क्षेत्रलाई नियन्त्रणमा लिन खोजेको आरोप लगाउँदै उहाँले पत्रकारहरू एकजुट भएर प्रतिरोधमा उत्रिनुपर्ने अवस्था आएको उल्लेख गर्दै 'सरकारले सहज हिसाबले टेर्नेवाला छैन, अब जिल्ला-जिल्ला, प्रदेश-प्रदेश र काठमाडौंसम्म आन्दोलन गर्नुपर्ने अवस्था आएकोछ

कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर नागेश कोईरालाले पत्रकारहरुको वृति विकास र कार्यक्रममा महानगर पालिका सधैंव साथमा रहेको धारणा व्यक्त गरेका थिए । मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कट्टेल र मोरङ प्रहरीका प्रमुख प्रहरी उपरीक्षक कवित कट्वालले जिल्लाको सुरक्षाको सवालमा पत्रकारहरुसँग सहकार्य गरिरहने प्रतिवद्धता जनाए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका उपाध्यक्ष रविनकुमार दाहालले पत्रकारहरूले बेथिति र अराजकताविरुद्ध निरन्तर प्रश्न उठाइरहनुपर्ने वताएका थिए ।

महासंघ मोरङकी अध्यक्ष सुशीला पाठकको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघ मोरङका उपाध्यक्ष सन्तोष सिग्देलले

बांकी अन्तिम पेजमा...






क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## जिल्ला...

प्रभातफेरी तथा र्‍याली पनि निकालिनेछ। र्‍याली महेन्द्र चोकबाट सुरु भएर विराटनगर बजार परिक्रमा गर्दै सहिद रंगशालामा पुगेर समापन हुनेछ। र्‍यालीमार्फत लागुऔषधविरुद्ध जनचेतना फैलाउने उद्देश्य राखिएको छ।

महाअभियान अन्तर्गत युवा हरूलाई लक्षित गर्दै लागुऔषध विरुद्ध टिकटक भिडियो प्रतियोगिता पनि आयोजना गरिने भएको छ। प्रतियोगितामा प्रथम हुनेलाई ५० हजार रुपैयाँ, द्वितीय हुनेलाई ४० हजार रुपैयाँ र तृतीय हुनेलाई ३० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिने जानकारी एसपी कटवालले दिए। उनका अनुसार डिजिटल माध्यमबाट युवालाई सचेत बनाउने प्रयासलाई प्रभावकारी रूपमा अघि बढाइनेछ।

## आन्दोलन...

स्वागत मन्तव्य राख्नुभएको थियो। साधारण सभाको बन्दसत्रमा महासंघ मोरङका सचिव नेत्र पी अधिकारीको सांगठानिक प्रतिवेदन र कोषाध्यक्ष कौशल निरौलाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन पारित भएको छ।

नेपाल पत्रकार महासंघ मोरङका पूर्वउपाध्यक्ष रामचन्द्र अधिकारी र तीन दशकदेखी कार्यरत कार्यलय सचिव दीपक फुयाँललाई सम्मान गरिएको थियो। पत्रकारहरुलाई उपचार गर्दै आएका न्यूरो अस्पताललाई पनि सम्मान गरिएको थियो।

# मिथिला थालीको नयाँ आउटलेट विराटनगरमा



विराटनगर। बेलायतको 'मास्टरशेफः द प्रोफेशनल्स'बाट अन्तर्राष्ट्रिय पहिचान बनाएका सन्तोष शाहले आफ्नो 'मिथिला थाली' र 'जनकपुर फिस हाउस' ब्रान्डलाई विराटनगरमा समेत विस्तार गरेका छन्।

विराटनगर विमानस्थलबाट करिब डेढ किलोमिटर दूरीमा, कोशी हाइवे क्षेत्रमा रहेको डीडीसी दुधफार्म अगाडि मिथिला थाली सञ्चालनमा ल्याइएको हो।

मिथिला संस्कृति र खानाको प्रवर्द्धन गर्ने उद्देश्यसहित एउटै छानामुनि दुवै अवधारणा समेटिएको नयाँ आउटलेट सञ्चालनमा ल्याएको सेफ सन्तोष शाहले बताए।

'मिथिला संस्कृतिको र परिकारको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले देशका मुख्य शहरहरुमा मिथिला थाली सञ्चालनमा ल्याएको हो। विराटनगरमा हाम्रो पाँचौं आउटलेट हो।' उनले बताए। 'बाल्यकालदेखि नै यस संस्कृति र खानपानसँग जोडिएको अनुभवलाई अहिले व्यावसायिक रूपमा विस्तार गरिरहेको छु' उनले थपे।

यस आउटलेटमा प्रारम्भिक चरणमा भित्र र बाहिर गरी करिब १०० जनासम्मको सिटिङ व्यवस्था रहेको छ। विस्तारपछि क्षमता बढाएर करिब २५० जनासम्म पुर्याउने योजना रहेको छ। यहाँ सेमिनार, गोष्ठी लगायतका विभिन्न कार्यक्रम गर्नको लागि हलको समेत व्यवस्था गरिएको छ।

नयाँ आउटलेटमा मिथिला क्षेत्रका परिकारलाई केन्द्रमा राख्दै 'मिथिला थाली' मुख्य आकर्षणमा राखिएको छ। यसअन्तर्गत तरुवा, तिलौरी, विरिया, कडिवडि, चोखा, भात, घिउ रोटी, सलादलगायतका परिकार समावेश गरिएको छ।

त्यसैगरी 'जनकपुर फिस हाउस'मा माछाका करिब १० प्रकारका परिकार उपलब्ध गरिएको छ। स्पेशल तावा फिस अर्डर गर्दा सानो जनकपुरी मुरी (साँदेको खट्टे) र मुलाको अचारसँगै पस्किने व्यवस्था गरिएको छ। तावा फ्राइ ट्राउट, लोकल तावा झिँगे माछा, क्रिस्पी फ्राइ प्राउन, र तावा फिस सेट जस्ता परिकारहरू पनि जनकपुरको परम्परागत स्वाद र शैलीमा तयार पारिनेछन्। साथै जनकपुरे पान, सातु र जनकपुरे लस्सी पनि उपलब्ध छ।

मिथिला आर्टमा आधारित रहेर यहाँको सजावट गरिएको छ। भित्र प्रवेश गर्ने गेटदेखि भित्ताहरुमा समेत मिथिला चित्रकलाले सजाइएको छ। मिथिला क्षेत्रका कलाकारहरूले तयार पारेका कलाकृतिहरू प्रदर्शनीमा राखिएका छन्। र, ग्राहकले ती कला खरिद गरेर कलाकारलाई आर्थिक सहयोग गर्न सक्नेछन्।

नयाँ आउटलेटले स्थानीय ग्राहकसँगै भारतीय ग्राहकलाई पनि लक्षित गरेर सञ्चालनमा ल्याएको सेफ शाहले बताएका छन्। मूल्य दर सर्वसाधारणले सहज रूपमा उपभोग गर्न सक्ने स्तरमा राखिने बताएका छन्।

विराटनगरमा पछिल्लो समय होटल तथा रेस्टुरेन्ट क्षेत्रमा तीव्र वृद्धि भइरहेको छ। पाँचतारे होटलदेखि अन्तर्राष्ट्रिय चेनसम्म विस्तार भइरहेका छन् भने केही नयाँ परियोजनाहरू निर्माणाधीन अवस्थामा छन्। यसै परिप्रेक्ष्यमा शहरलाई रेस्टुरेन्ट हबका रूपमा विकास गर्ने सम्भावना देखिएको सेफ शाहको भनाइ छ।

सेफ शाह पछिल्लो समय अमेरिका, युरोप, न्युजिल्यान्ड, अष्ट्रेलिया र जापानसम्म नेपाली रैथाने परिकारको पप-अप शो गर्दै आएका छन्। ती कार्यक्रममा उनले विभिन्न समुदायका करिब डेढ दर्जन मौलिक परिकार प्रस्तुत गर्ने गरेका छन्, जसको अन्तर्राष्ट्रिय माग बढ्दो छ।

स्वदेशमा भने उनले 'मिथिला थाली' ब्रान्ड विस्तारमा जोड दिएका छन्। जनकपुरमा सुरु गरिएको 'मिथिला थाली' पछि काठमाडौंको झम्सिखेल, नक्सालको गैरीधारा र गौशालामा पनि आउटलेट विस्तार भइसकेका छन्।

गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पुरा गरौं,
- सुशासन र पारदर्शिता उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एक जुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागीता जनाऔं,
- लोकतान्त्रिक मुल्य-मान्यता र मानव अधिकारको संरक्षण गरौं।

गणतन्को सुदृढिकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार, विज्ञापन बोर्ड







परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### समानुपातिक प्रतिनिधित्व होस्

नेपालको संविधान २०७२ लाई बालेन सरकारले संशोधन गर्न लागेको छ । अवको संविधान संशोधनमा सवैको समान प्रतिनिधित्वको सुनिश्चितताको ग्यारेन्टी गरियोस । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै समावेशी लोकतन्त्रको मार्ग तय गरेको छ । संविधानले महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र लगायत सबै समुदायको अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । तर व्यवहारमा हेर्दा अझै पनि राज्यका विभिन्न निकाय, नीति निर्माण तह र निर्णय प्रक्रियामा सबै समुदायको समानुपातिक प्रतिनिधित्व पूर्ण रूपमा सुनिश्चित हुन सकेको छैन ।

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । यस्तो विविधतायुक्त मुलुकमा राज्य संयन्त्रमा सबै समुदायको उपस्थिति हुनु केवल अधिकारको प्रश्न मात्र होइन, राष्ट्रिय एकता र स्थायित्वको आधार पनि हो । कुनै एक वर्ग वा समुदाय मात्र राज्यसत्तामा हाबी हुँदा विभेद, असन्तोष र उपेक्षाको भावना बढ्ने खतरा रहन्छ । त्यसैले राज्यका सबै निकायमा जनसंख्याको आधारमा न्यायपूर्ण प्रतिनिधित्व हुनु लोकतन्त्रको आधारभूत आवश्यकतालाई बलियो बनाउँदै संविधान संशोधन होस आम नागरिकका चाहना छ ।

आजको आवश्यकता भनेको सबै नेपालीले "यो राज्य मेरो पनि हो" भन्ने अनुभूति गर्ने वातावरण निर्माण गर्नु हो । त्यसका लागि संविधानलाई समयानुकूल परिमार्जन गर्दै सबै वर्ग, क्षेत्र र समुदायको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नु अत्यावश्यक छ । समावेशिता केवल नारामा सीमित नभई व्यवहारमा लागू भए मात्र नेपालको लोकतन्त्र सुदृढ र समृद्ध बन्न सक्छ । त्यसैले संविधानमा सवै समुदाय, वर्ग, क्षेत्रलाई अट्ने गरी संशोधन हुनपर्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ । दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुर्‍याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्याथीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ । भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# नेपालको पुँजीबजार सुधार र अबको नेतृत्वबाट अपेक्षा

**अजय ढुंगाना**

नेपालको पुँजीबजार यति बेला अर्को ऐतिहासिक मोडमा उभिएको छ । नेपाल धितोपत्र बोर्डको अध्यक्ष पद रिक्त भई नयाँ नेतृत्व चयनको प्रक्रिया अगाडि बढिरहेको छ ।

४७ जना आकांक्षीहरूले यस पदका लागि आवेदन दिएको समाचारहरू बाहिरिएका छन्। भर्खरै मात्र अभूतपूर्व जनमत पाएर सरकारमा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बोर्डको अबको नेतृत्व चयन गर्नेछ ।

धितोपत्र बोर्डका पूर्व अध्यक्ष डा. रेवत बहादुर कार्कीको पालामा भएको धितोपत्र बजारको केही असामान्य परिवर्तनबाहेक, धितोपत्र बजार विगत एक दशकदेखि 'स्टाटस-को' (यथास्थिति) को अवस्थामा छ । कार्कीपछिका अध्यक्षहरू विभिन्न विवादमा परेकाले पनि त्यसको प्रत्यक्ष तर नकारात्मक असर धितोपत्र बजारको विकास र विस्तारमा परेको छ, जसको परिणाम आजको बोर्डको अवस्थाले देखाउँछ ।

कोभिड-१९ को संक्रमणपछि लगानीकर्ताको सहभागिता उल्लेखनीय रूपमा बढेको थियो। त्यो उल्लेख्य सहभागिताले अहिले पुँजीबजारमा तीव्र गतिको विकास माग गर्छ। तर हाल यस्तो माग पूरा गर्न सक्ने 'रेगुलेटरी इनोभेसन' को पहल धितोपत्र बोर्डमा शून्यप्राय: छ। यस्तो परिस्थितिमा अब आउने नेतृत्वले परम्परागत शैलीबाट बाहिर निस्केर साहसिक र नवीन कदमहरू चाल्नुपर्ने आवश्यकता छ ।

नियामकीय स्वायत्तता र संस्थागत सुदृढीकरण

अबको नेतृत्वको पहिलो र मुख्य चुनौती धितोपत्र बोर्डलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्दै यसको नियामकीय स्वायत्तता सुदृढ गर्नु हुनेछ। पछिल्ला वर्षहरूमा यो अभ्यास बढ्दै गएको छ भने भर्खरै मात्र यसको चरम विकृत अभ्यासका कारण बोर्डका कर्मचारी आन्दोलनमै उत्रिए ।

नियामकीय स्वायत्तताबिना धितोपत्र बोर्ड सबल तरिकाले अगाडि बढ्न कठिन छ । नेतृत्वले धितोपत्र ऐनमा संशोधनका लागि पहल गरी बोर्ड सदस्यहरू विज्ञहरू मात्रै रहने व्यवस्था गर्ने, नियुक्ति प्रक्रियामा स्वतन्त्र छनोट समिति गठन गर्ने र संस्थागत स्वायत्तताका लागि बजेट तथा कर्मचारी नियुक्तिमा अर्थ मन्त्रालयको सहमति लिनैपर्ने बाध्यकारी र झन्झटिलो प्रक्रिया हटाउन पहल गर्नुपर्छ ।

साथै, बोर्ड पुँजीबजारको नियामक निकाय भए पनि लामो समयसम्म शक्ति संघर्षको कोपभाजनमा संस्था पर्दा यसको नेतृत्वमा कुनै निश्चित उद्देश्य प्राप्तीका लागि आएका अध्यक्ष हरू बाट विकृत बनेको संस्थाको शुद्धीकरणबिना यसको गरिमा फर्काउन सकिने अवस्था मा छैन । नीतिगत निर्णयका नाममा भएका त्रुटिहरू को अनुसन्धान गरी बोर्ड र समग्र पुँजीबजारको शुद्धीकरण अबको नेतृत्वको उच्च प्राथमिकता हुनुपर्छ ।

पुँजीबजारको दायरा विस्तार र राजस्व वृद्धि

नेपालको पुँजीबजार हाल मुख्यतया साधारण सेयर र न्यून मात्रामा सामूहिक लगानी कोष र ऋणपत्रमा मात्र आधारित छ, जसलाई 'सिंगल प्रोडक्ट मार्केट' वा संकुचित बजार मान्न सकिन्छ ।

बजारलाई गहिरो र पारिस्थितिक प्रणालीमा सबल बनाउन अबको नेतृत्वले उपकरणहरूको विविधीकरणमा विशेष ध्यान दिनुपर्छ। सरकारको एउटा मुख्य अपेक्षा पुँजीबजार मार्फत राजस्व वृद्धि हुन सक्छ । किनकि पुँजीबजारबाट हाल वार्षिक करिब १५ अर्ब रूपैयाँ पुँजीगत लाभ कर संकलन भइरहेको छ ।

कुल राजस्वमा उक्त योगदान सामान्य मात्रै छ। राजस्व बढाउन करको दर बढाउनुभन्दा बजारको विकास, विस्तार र नयाँ उपकरणहरूको सुरूआत गर्नु उपयुक्त हुन्छ। अब सुनचाँदीजस्ता बहुमूल्य धातुमा आधारित बुलियन इटिएफ सुरू गर्न ढिला भइसकेको छ । यस्ता उपकरणले बहुमूल्य धातुलाई धितोपत्र बजारबाट सहजै कारोबारयोग्य र तरल बनाइदिन्छन् ।

डिजिटल एसेट्समा आधारित फन्डहरू जारी गरी संस्थागत लगानीकर्तालाई सीमित मात्रामा कारोबार गर्न दिने र त्यसलाई स्टक एक्सचेन्जमा सूचीकृत गराउन सकिन्छ । डिजिटल एसेट हाल राज्यमा प्रतिबन्धात्मक अवस्थामा रहेको भए पनि यस्तो सम्पत्तिमा लगानी सामूहिक लगानी कोषजस्ता संस्थागत लगानीकर्ताबाट विस्तारै खुलाउँदै जान सकिन्छ ।

यसबाट लगानीकर्ताले लगानीको नयाँ क्षेत्र पाउनेछन् भने राज्यलाई थप पुँजीगत लाभ कर प्राप्त हुने अवसर मिल्नेछ ।

धितोपत्र बजारमा उपकरण को विविधीकरण

धितोपत्र बजारमा उपकरण हरूको विविधीकरणका लागि नवीनतम उपकरणहरूको विकास गरी सहज रूपमा कारोबारयोग्य बनाइनुपर्छ। विकास निर्माणका लागि निजी क्षेत्रको पुँजी परिचालन गर्न 'पूर्वाधार लगानी कोष' (क्ष्लखक्ष्त्क) मार्फत जलविद्युत, ट्रान्समिसन लाइन, सुरुङमार्ग र द्रुतमार्गका लागि पुँजी जुटाउन सकिन्छ ।

साथै, पुँजीबजारको थप दायरा विस्तार गर्न इन्डेक्स फन्ड, म्युनिसिपल बन्ड, ग्रीन बन्ड, क्लाइमेट बन्ड, च्भक्ष्त्क र डेरिभेटिभ्स बजारमा फ्युचर्स तथा अप्सन्सको कारोबार सुरू गर्नु आवश्यक छ ।

धितोपत्र बजारमा सेक्युरिटिज बरोइङ एन्ड लेन्डिङमार्फत सर्ट सेलिङ र डे ट्रेडिङको व्यवस्था मिलाउन अत्यावश्यक भइसकेको छ। कृषिजन्य वस्तुको कारोबारका लागि 'कमोडिटी मार्केट' को सञ्चालन पनि उत्तिकै महत्त्वपूर्ण छ ।

यस्ता सबै उपकरणहरू उपलब्ध भएर पुँजीबजारको पारिस्थितिक प्रणाली पूरा भएको दिन दैनिक कारोबार हालको तुलनामा १० गुणाले बढेर १ खर्ब रूपैयाँसम्म पुग्ने सहज अनुमान गर्न सकिन्छ ।

जलविद्युत कम्पनीहरूको उत्पादन अवधि समाप्तिपछि धितोपत्रको अवस्थासम्बन्धी नीतिगत स्पष्टता

नेपालको धितोपत्र बजारमा सूचीकृत अधिकांश जलविद्युत कम्पनी बिल्ड-अन-अपरेट-ट्रान्सफर (बूट) मोडलमा सञ्चालन भएका छन्। यस्ता कम्पनीको उत्पादन अनुमति अवधि समाप्त भएपछि आयोजना सरकारलाई हस्तान्तरण हुने व्यवस्था रहेको र यस्ता कम्पनीको मुख्य आम्दानीको स्रोत आयोजनाको विद्युत बिक्री भएको हुँदा आयोजना नै सरकारलाई हस्तान्तरण गर्नुपर्ने अवस्थामा उक्त कम्पनीहरूले जारी गरेका धितोपत्रको अवस्था के हुने भन्ने अस्पष्टता छ ।

यसले दीर्घकालीन रूपमा लगानी गर्न खोज्ने लगानी कर्ताहरूको मनोबल कमजोर बनाएको र अनिश्चितताको वातावरण सिर्जना गरेको छ। बोर्ड को अबको नेतृत्वले यस सम्बन्ध मा पहल लिँदै सरकारमार्फत नै नीतिगत रूपमा सम्बोधन गर्न पहल गर्नुपर्ने चुनौती छ ।

सूचना प्रविधि र डिजिटल रूपान्तरण

बजारको आधुनिकीकरणका लागि प्रविधिमा लगानी अपरिहार्य छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) को ट्रेडिङ सिस्टमलाई अन्तर्राष्ट्रिय स्तरको बनाउन र टी+२ सेटलमेन्ट चक्र छोट्याएर टी+१ मा ल्याउन अबको नेतृत्वले ठोस कार्ययोजना बनाउनुपर्छ ।

सबै ब्रोकरहरूलाई अनिवार्य रूपमा मोबाइल एपमार्फत कारोबार सुविधा दिने व्यवस्था गर्ने र साइबर सुरक्षाका लागि नियमित सूचना प्रविधि अडिट गर्ने

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मस्जिदको परिचय

**श्याम सुन्दर सुतिहार**

**१. जामे मस्जिद हकपुर**

धनपालथान गाउँपालिका वडा नं. ४ हरकपुर टोलको बाटोदेखि पश्चिमपट्टि पूर्व फर्केको जामे मस्जिद हकपुर देख्न पाइन्छ।

विराटनगरदेखि रंगेली सम्मको भागमा कहीं पनि मस्जिद नभएको बेला स्थापना यो मस्जिद भएको स्थानीय ९५ वर्षिय मोहम्मद कलिमले सुनाए। सुरुमा बाँस, कर्ची र खरको घर बनाई नमाज पढ्दै आएका थिए। पछि टिनको छानो बनायौं त्यसपछि पक्की मस्जिद बनायौ। पक्की बनेको पनि २५-३० वर्ष भइसकेको छ।

अर्का तवसुन खातुनले भनाइ अनुसार उनका ससुराबुवा स्व.



मोहम्मद नसिर हाजीले मस्जिदमा आठ धुर जग्गा दान गरेका थिए। मस्जिदमा दैनिक १५देखि२० जना स्थानीयहरू नमाज पढ्न आइरहेका छन्। जुम्माको दिन १००देखि१५० जना नमाज पढ्न आउने गरको खातुनले बताए। मस्जिदमा दुई वर्षदेखि मोलवी मोहम्मद आलम बस्दै आएका छन्।

**२. जामे मस्जिदुल्अन्सार (गदिया नदी पूर्व)**

धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेको कर्सिया बजार हुलाकी राजमार्गदेखि उत्तर पूर्वमुख फर्केको जामेमस्जिद दुल्अन्सार रहेको छ।

बाँस, कर्ची र परालको घर बनाई २०४१ सालतिर मस्जिदको स्थापना भएको थियो। स्थानीय ४४ वर्षिय फूल मोहम्मद मियाँले बताए अनुसार त्यसको केही वर्षपछि परालको घर हटाएर सखुवाको खम्बा र टालीको छानो भएको मस्जिद बनाएका हुन्। १५ वर्ष पहिले गाउँबासीका सहयोगमा पक्की मस्जिदको भवन



निर्माणसुरु भएको छ। पक्की भवन बनिसक्न केही कामहरू बाँकी रहेको मियाँको भनाइ छ।

मस्जिदमा दिनको पाँच पटक नमाज बढ्नुका साथै प्रत्येक शुक्रबार जुम्मा नमाज हुने गर्दछ। जुम्माको दिन करिब २००देखि २५० जनासम्म भेला भई नमाज पढ्ने गरेका छन्। मस्जिदका लागि करिब २ कट्ठा जग्गा मोहनराज पाण्डेले प्रदान गरेका छन्।

**३. जामे मस्जिद (कर्सिया बाटोदेखि उत्तर)**

धनपालथान गाउँपालिका वडा नं. ४ कर्सिया बजार हुलाकी राजामार्गको उत्तरपट्टिसात धुर जग्गामा जामे मस्जिद रहेको छ। करिब ४० वर्ष पहिले बाँस, कर्ची र परालले मस्जिद बनाई सुरु गरिएको स्थानीय ६२ वर्षिय मोहम्मद एहसानले बताए।

त्यसमध्ये अढाई धूर जग्गा मोहम्मद नरुल हसनले सहयोग गरेकाछन् भने पक्की मस्जिद निर्माणमा डा. सरिफ, डा. नइम,



हाजी अहम्द लगायतको विषेश सहयोगा रहेको छ।

मस्जिदमा दैनिक १० देखि १५ जना र शुक्रबार जुम्माको दिन करिब १५० देखि २०० सम्म नमाज पढ्न आउने गरका छन्।

**१. बी.आई.सी. चर्च, कर्सिया**

धनपालथान गाउँपालिका वडा नं. ४ को कर्सिया हटियाबाट सिधै रंगपुर जाने बाटोको पश्चिमपट्टि बी.आइ.सी चर्च (Brethren in Christ Church) रहेको छ।

करिब ४० वर्ष पहिले स्थापना भएको यस चर्चका पास्टर ज्याकब मुर्मु हुन्। उनकी श्रीमती ३८ वर्षिया सुनिता टुडुका अनुसार, चर्चमा हरेक शनिबार दर्जनौं व्यक्तिहरू जम्मा भई प्रार्थनाका गरिन्छ।



क्रिसमस, पाम सन्डे जस्ता विशेष दिनमा सयौं व्यक्तिको उपस्थितिमा प्रार्थना समारोह आयोजना गरिन्छ। चर्चको नाममा करिब ८ कट्ठा जग्गा रहेको छ। त्यस क्षेत्रमा चर्चको स्वामित्वमा रहेका तीनवटा भवन निर्माण भइसकेका छन्।

# प्रदेश प्रहरी प्रमुखद्धारा कार्य सम्पादन समिक्षा

विराटनगर। कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले कोशी प्रदेश अन्तरगत रहेका मातहत प्रहरी प्रमुख हरुसंग भर्चुअल माध्यमद्धारा दश महिनाको कार्य सम्पादनको समिक्षा गर्नुका साथै आवश्यक निर्देशन समेत दिए छ।

जेठ ८ गते भएको समिक्षामा कार्यसम्पादन सम्झौता बमोजिम श्रावण महिना देखि बैशाख महिना सम्म प्रहरी कार्यालयहरुद्वारा गरिएका कार्य प्रगति बिवरण सम्बन्धि समिक्षा भएको थियो। कोशी प्रदेश प्रहरी कार्यालयको तर्फबाट प्रहरी नायव उपरीक्षक राम प्रसाद तिमल्सिनाले १४ वटै जिल्लाहरुको कार्यसम्पादन को तुलनात्मक प्रस्तुति गर्नु भएको थियो।

समिक्षामा प्रदेश प्रहरी प्रमुख घिमिरेले फरार प्रतिवादी पक्राउ, पेण्डिङ मुद्दा तथा चालु मुद्दाको फछ्र्यौट तथा सम्पादन गर्न बाँकी रहेका कार्यलाई प्राथमिकता साथ तोकिएको समय सिमा भित्र प्रभाव कारीरुपमा सम्पादन गरी लक्ष हासिल गर्न निर्देशन दिएका थिए।

कार्य सम्पादन सम्झौतामा उल्लेख भएका बुँदाहरु अनिवार्य कार्यान्वय गर्नु पर्ने, सम्पुर्ण प्रहरी कर्मचारीले बिभागिय आदेश निर्देशनको पुर्णरुपमा पालना गरी कार्यान्वयन गर्ने, सरुवा भएका प्रहरी कर्मचारीहरुको रवना कार्यान्वयन गर्ने, नागरिकको समस्याहरुमा अग्रणी भुमिका निर्वाह गर्ने, सामाजिक संजालको सहि उपयोग गर्ने, मनसुन जन्य विपदमा परिचालन हुन तयारी रहने निर्देशन दिएका थिए।

त्यसैगरी भन्सार छली, चोरी तस्करी नियन्त्रण गर्न तथा अपराध नियन्त्रण गरी समाजमा शान्ति सुरक्षा स्थापित गर्न निर्देशन दिएका थिए।

# लागुऔषध ब्राउन सुगर सहित १६ पक्राउ

विराटनगर। झापा, मोरङ, उदयपुर र सुनसरी जिल्लाको बिभिन्न स्थानहरुबाट जेठ ६ गते लागू औषध ब्राउन सुगर सहित १६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरी चौकी मेचीपारी झापाबाट गस्तीमा खटिएको प्रहरी टोलीले झापाको भद्रपुर नगरपालिका-३ स्थितबाट भद्रपुर-२ का २९ वर्षीय दिपेन्द्र ठटाल र ३५ वर्षीय असन राईलाई ६ ग्राम ७० मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी मोरङको इलाका प्रहरी कार्यालय पथरीले पथरीशनिश्चरे-४ का ३० वर्षीय इन्द्र भुजेललाई ६४० मिलिग्राम ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो।

साथै जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले मोरङको सुन्दर हरैचा नगरपालिका-१० का २६ वर्षीय रमेश उरावलाई ६ ग्राम २३ मिलिग्राम ब्राउन सुगर सहित इनरुवा बसपार्क स्थितबाट नियन्त्रणमा लिएको थियो।

सुनसरीको धरान उप-महानगरपालिका-१७ स्थितबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर पिट, वडा प्रहरी कार्यालय धरान र इलाका प्रहरी कार्यालय धरानबाट खटिएको संयुक्त प्रहरी टोलीले सोही स्थानका जानकी धामी, किरण राई, समिर राई र विशाल राज धामिलाई १५ ग्राम ३०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

त्यसैगरी झापाको बिर्तामोड नगरपालिका-५ स्थितमा अस्थायी प्रहरी चौकी बसपार्क अनारमनीले सोही स्थानका रोहित श्रेष्ठ र सुनिल दासलाई ६ ग्राम ५०० मिलिग्राम ब्राउन सुगर सहित, वडा प्रहरी कार्यालय भद्रपुरले बिर्तामोड नगरपालिका-९ का सौगात बस्नेत र पाचँथर जिल्ला हिलिहाङ गाउँपालिका-३ का आमिङ योङहाङलाई ५ ग्राम ५० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय सुरुङगाले कन्काई नगरपालिका-३ स्थितबाट सोही स्थानका चन्द्र बहादुर पौडेललाई ४०० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो।

उदयपुरको इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाले बेलका नगरपालिका-४ का देव कुमार राईलाई ७७० मिलिग्राम ब्राउन सुगर सहित र अस्थायी प्रहरी चौकी नेपालटारले सिरहा जिल्ला लहान नगरपालिका- १७ की लिलादेवी राम र लहान नगरपालिका- ८ की अस्मिता रामलाई ६ किलोग्राम गाँजा सहित पक्राउ गरेको थियो।

पक्राउ परेको सबैजनाको सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भइ रहेक प्रहरीले जनाएको छ।

NO SMOKING

# बादल, हिमाल र संस्कृतिको संगम : पूर्वी नेपालको पर्यटन गन्तव्य बन्दै जेफाले डाँडा

**विजय धिमाल**



मोरंग केराबारी गाउँपालिका वडा नं. २ सिंहवानी जेफालेमा रहेको भ्यू टावर । फोटो : श्याम

उर्लाबारी । मोरङको उत्तरी भेगमा पर्ने जेफाले डाँडा पछिल्ला वर्षहरूमा पूर्वी नेपालको उदीयमान पर्यटकीय गन्तव्यका रूपमा चर्चामा आउन थालेको छ ।

केही वर्षअघिसम्म सीमित स्थानीय बाहेक धेरैलाई जानकारी नभएको यो डाँडा अहिले प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, सांस्कृतिक विविधता र सामुदायिक होमस्टेको अनुभवका कारण आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको हो । केरावारी गाउँपालिकाको वडा नम्बर २ मा पर्ने जेफाले डाँडा समुद्री सतहबाट करिब एक हजार ९ सय ७० मिटर उचाइमा अवस्थित छ । मोरङ-सुनसरी सीमाक्षेत्र नजिकको यो डाँडामा मौसमको अनौठो खेल पर्यटकका लागि मुख्य आकर्षण बनेको छ । केही मिनेट अघिसम्म घाम लागिरहेको ठाउँ अचानक बाक्लो हुस्सुले ढाक्ने र फेरि केहीबेरमै मौसम खुल्ने दृश्यले यहाँ पुग्ने जो-कोहीलाई रोमाञ्चित बनाउँछ । यही कारण स्थानीयले यसलाई 'हावेचौरी' नामले समेत चिन्ने गरेका छन् ।

जेफालेको परिचयलाई थप उचाइ दिएको छ, यहाँ निर्माण गरिएको ४२ फिट अग्लो चारतले भ्यू टावरले । टावरको माथिल्लो तलाबाट पूर्वका १६ जिल्लासम्मको दृश्यावलोकन गर्न सकिने स्थानीय बताउछन् । मौसम सफा भएका दिन विश्वकै सर्वोच्च शिखर सगरमाथा र कञ्चनजंघा समेत देख्न सकिने स्थानीयको दाबी छ ।

जेफाले पर्यटन विकास समितिका सदस्य भीम ठकुरीका अनुसार सामाजिक सञ्जालमा तस्वीर र भिडियोहरू भाइरल हुन थालेपछि यहाँ पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ । "पहिला यो ठाउँको नामसमेत धेरैलाई थाहा थिएन, अहिले दैनिकजसो घुम्न आउनेको संख्या बढिरहेको छ," उनी भन्छन् ।

जेफाले पुग्न दुई प्रमुख मार्ग छन् । एउटा भेडेटार-राजारानी हुँदै सम्बेवा चोकबाट जाने बाटो हो भने अर्को मोरङको केरावारी हुँदै पुग्ने सडक । केरावारीको बिहीबारे बजारबाट करिब तीन सय मिटर उत्तर लागेपछि झन्डै एक हजार, आठ सिँढी उक्लिएर भ्यू टावर पुग्न सकिन्छ ।

प्राकृतिक सुन्दरतासँगै यहाँ धार्मिक र सांस्कृतिक पक्ष पनि उत्तिकै बलियो छ । भ्यू टावरको दक्षिण-पश्चिममा रहेको पाथीभरा देवी मन्दिर धार्मिक पर्यटकको आकर्षण बनेको छ । साँझपख मगर समुदायको हुर्रा नाच र लिम्बू समुदायको धान नाचले यहाँ आउने पाहुनालाई स्थानीय संस्कृतिसँग नजिक बनाउँछ ।

पर्यटनलाई व्यवस्थित बनाउन बिहीबारे क्षेत्रमा सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको छ । हाल नौ घरमा होमस्टे सेवा उपलब्ध छ, जहाँ पाहुनालाई स्थानीय उत्पादनबाट बनेका परिकार खुवाइन्छ । लोकल कुखुराको मासु, ढिँडो र सिस्नु, स्कुसको मुन्टा, कोदो/फापरको रोटि आलु तरकारी यहाँका विशेष परिकार हुन् । होमस्टे सञ्चालकका अनुसार फागुनदेखि असार सम्म पर्यटकको चाप उच्च रहने गर्छ । यही अवधिमा एक होमस्टेबाट मासिक एक लाखदेखि डेढ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ । पर्यटनले स्थानीयलाई गाउँमै रोजगारी र आम्दानीको विकल्प दिएको उनीहरूको भनाइ छ ।

स्थानीयवासी भने जेफालेको सम्भावना अझै ठूलो रहेको बताउँछन् । सडक स्तरोन्नति, सञ्चार सुविधा विस्तार र सुरक्षाको भरपर्दो व्यवस्थापन गर्न सके यो गन्तव्य पूर्वकै चर्चित पर्यटकीय केन्द्रका रूपमा स्थापित हुन सक्ने उनीहरूको विश्वास छ ।

बादलले ढाकिएको डाँडा, आँखाअगाडि फैलिने हिमालको दृश्य, गाउँलेको आत्मीय आतिथ्य र संस्कृतिको जीवन्त प्रस्तुति– यी सबैले जेफाले डाँडालाई पूर्वी नेपालको नयाँ आकर्षक गन्तव्यका रूपमा विस्तारै स्थापित गर्दै लगेका छन् ।

# जीवन विकास सामुदायिक अस्पतालको सेवा विस्तार

पदमकुमार सरदार

विराटगर । जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउन्डेसन कटहरी-२, मोरङ्गले आफ्ना सेवा विस्तार गरेको छ ।

कटहरी-२ मा जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउन्डेसनका अध्यक्ष योगेन्द्र प्रसाद मण्डलले पत्रकार सम्मेलन गरेर जानकारी दिएको थियो ।

अस्पतालले अत्याधुनिक एम.आर.आई. र सिटी स्काईन सेवा आजदेखि औपचारिक रुपमा विस्तार गरेको अध्यक्ष मण्डलले जानकारी दिदै "सबैका लागि गुणस्तरीय प्रविधियुक्त र भरपर्दो स्वास्थ्य सेवा" भन्ने मूल संकल्पका साथ यो सेवा विस्तार गरेको अस्पतालका अध्यक्ष मण्डलले जानकारी दिए ।

विगत लामो समयदेखि यस क्षेत्रको स्वास्थ्य सेवामा समर्पित रहँदै आएको जीवन विकास सामुदायिक अस्पताल तथा टेक्निकल एजुकेशन फाउन्डेसनले स्वास्थ्य सेवाको क्षेत्रमा पुन: एक महत्वपूर्ण ऐतिहासिक उपलब्धि हासिल गरेको उहाँले दावि गरे ।

अस्पतालले आफ्नो सेवा विस्तार गर्ने क्रममा विश्वप्रसिद्ध फुजीफिलम इचलोन स्मार्ट एक दशमलब ५ को टेसला एम.आर.आई सिस्टम र एक यस २८ सेल्सको सिटी स्काईन उपकरण प्रयोगमा ल्याएको अस्पतालका संयोजक तेजसपी मण्डलले जानकारी दिए ।

अस्पतालले ओपी.डी, आकस्मिक सेवा, आई.सि.यू., एनआई.सि.यू., पि.आई.सि.यू., सि.सि.यू., एच.डि.यू.सेवा सञ्चालन गर्दै आईरहकेको संयोजक मण्डलले जानकारी गराउँदै अस्पतालका एचोडी डा.सुदिप रेग्मीले एम.आर.आई. र सिटी स्काईनलगायतका उपकरण १० करोड लाग्तमा जपानबाट ल्याएको वताए ।

२ सय सया रहेको अस्पताल मा दैनिक ७५ जना भन्दा बढी विरामीहरु उपचारका लागि ओपिडीमा आउने गरेको अस्पतालले जनाएको छ । अस्पतालले सामाजिक उत्तर दायित्व अन्तर्गत सवै विरामी हरुलाई १० प्रतिशत छुट दिँदै आईरहेको अस्पतालका संयोजक मण्डलले वताए ।






# लागुऔषध सहित बाईस जना प्रहरीको नियन्त्रणमा

विराटनगर । झापा र सुनसरीबाट प्रतिबन्धित लागू औषध सहित २२ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले झापाको विर्तामोड नगरपालिका ५ शनिश्चरे रोड पाथीभरा टोल स्थितबाट विर्तामोड नगरपालिका १ का १९ बर्षीय अभिषेक राईलाई ब्राउन सुगर ११० मिलिग्राम स्पाम नामक प्रतिबन्धित औषधी ४ ट्याब्लेट सहिते विर्तामोड नगरपालिका ५ ईन्द्रेणी टोल स्थितबाट ब्राउन सुगर १९० मिलिग्राम सहित कारोबारमा संलग्न सोही स्थानका ३५ बर्षीय हरसिंह राजबंशी, २१ बर्षीय राजु राजबंशी, विर्तामोड नगर पालिका ६ का ४४ बर्षीय सन्तोष कुमार पराजुली र विर्तामोड नगरपालिका ९ का २२ बर्षीय प्रशान्त खड्कालाई पक्राउ गरेको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले झापाको मेचीनगर नगरपालिका ६ पुरानो मेचीपुल स्थितबाट भारतबाट नेपाल तर्फ आउदै गरेको प्र.१-०१-००२ ह ७३१२ नम्बरको सिटी सफारी चालक सोही स्थान भानुटोलका ३८ बर्षीय जिवन घिमिरेलाई ब्राउन सुगर ११ ग्राम २०० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी हिजो राती ८ बजे इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले झापाकै दमक नगरपालिका ६ स्थित बसपार्क बाट दमक नगरपालिका १ बस्ने २७ बर्षीया विमला दाहाललाई ब्राउन सुगर ६ ग्राम ८४० मिलिग्राम सहित पक्राउ गरेको छ ।

प्रहरी चौकी बरगाछी धरानबाट खटिएको प्रहरी टोलीले धरान उपमहानगरपालिका ८ सम्पाङ चौक स्थितबाट सुनसरी हरिनगरा गाँउपालिका ६ बस्ने २१ बर्षीय अंजक अंसारी र हरिनगरा गाँउपालिका ७ बस्ने १८ बर्षीय अब्दुल वाहिद अंसारीलाई ट्रामाडोल २००० क्याप्सुल र डिकोलिक २००० ट्याब्लेट सहित पक्राउ गरेको थियो ।

झापाको इलाका प्रहरी कार्यालय दमकले दमक नगरपालिका-२ का २३ वर्षीय विशेष लिम्बुलाई ६२० मिलिग्राम ब्राउन सुगर, दमक-९ का १९ वर्षीय सनम लिम्बुलाई प्रतिबन्धित लागू औषध ७५ क्याप्सुल र ७५ ट्याब्लेट सहित नियन्त्रणमा लिएको छ ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय सुनसरी मातहत प्रहरी कार्यालयहरुले इटहरी-२ हलगडाका २३ वर्षीय कृष्ण राईलाई ९२ मिलिग्राम लागू औषध ब्राउन सुगर सहित, धरान-१५ का २५ वर्षीय सनम राईलाई ट्रामाडोल १४० क्याप्सुल र डिकोलिक १४० ट्याब्लेट सहित, रामधुनी नगरपालिका-९ का २२ वर्षीय रोहन चौधरी र रामधुनी-७ का २३ वर्षीय मनिस चौधरीलाई ६ ग्राम ७४ मिलिग्राम ब्राउन सुगर सहित इनरुवा-४ स्थित बसपार्कबाट नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय लेटाङले बेलबारी नगरपालिका-११ का २३ वर्षीय प्रेम बहादुर तामाङ र बेलबारी-४ का २० वर्षीय संजोग विशंखेलाई ६ ग्राम २८ मिलिग्राम ब्राउन सुगर सहित लेटाङ-३ स्थितबाट नयन्त्रणमा लिएको थियो ।

सुनसरीको इटहरी उपमहानगरपालिका १७ पकली स्थितबाट इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले ईटहरी उपमहानगरपालिका ८ का ३२ बर्षीय शुसिल कुमार राजवंशीलाई ब्राउन सुगर ३०० मिलिग्राम सहित पक्राउ गरिएको थियो ।

इटहरी उपमहानगरपालिका ४ फलामे पुल स्थितबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको एक्स्ट समुह र इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले इटहरी उपमहानगरपालिका २ का ३० बर्षीय रोशन धामीलाई ब्राउन सुगर ३५० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

यसै गरी झापाको कनकाई नगरपालिका ५ चाप्रमारी स्थितबाट अस्थाई प्रहरी बिट दुर्गापुरबाट खटिएको प्रहरी टोलीले झापा कमल गाँउपालिका ५ का २६ बर्षीय काले भन्ने जित बहादुर लिम्बु र दमक नगरपालिका ६ का २० बर्षीय प्रदिप रसायलीलाई ब्राउन सुगर ११ ग्राम ९७० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

मोरङको पथरीशनिश्चरे नगरपालिका ८ स्थित कुशलचोक बाट अस्थाई प्रहरी पोष्ट कुशलबजारबाट खटिएको प्रहरी टोलीले सोही स्थानका २४ बर्षीय सुमन राईलाई ट्रामाडोल २,२१० क्याप्सुल र स्पासपेन २,३२० चक्की सहित पक्राउ गरेको छ। लागू औषध सहित पक्राउ परेका सबैजना उपर सम्बन्धित प्रहरी कार्यालयबाट थप अनुसन्धान भईरहेको प्रहरी कार्यालयले जनाएको छ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

## नेपालको...

व्यवस्था मिलाउनुपर्छ। बोर्डले आर्टिफिसियल इन्टेलिजेन्स (एआईक्ष) मा आधारित बजार अनुगमन प्रणाली जडान गरी असामान्य कारोबारको पहिचान गर्ने र बजारमा हुन सक्ने सम्भावित बजार 'म्यानिपुलेसन' नियन्त्रण गर्ने क्षमता विकास गर्नुपर्छ।

नियामकीय व्यवस्थामा फरक दृष्टि

धितोपत्र बजारको नियमनको सन्दर्भमा विश्वभर कडा नियमनबाट न्यूनतम नियमनतर्फ पाराडाइम सिफ्ट हुँदै 'लेस रेगुलेसन, मोर सुपरभिजन' (नियमन कम तर सुपरिवेक्षण कडा) को अवधारणा अपनाउन थालिएको छ। धितोपत्र बोर्डले स्थापनाकालदेखि नै कडा नियमन अपनाउँदै आएको छ। यसले धितोपत्रको दर्ता, निष्कासन तथा बजार सहभागीहरूको अनुमतिपत्र जारी गर्ने सम्बन्धमा नियामकीय प्रावधानहरू राखेको छ।

धितोपत्र बोर्डजस्ता नियामकहरू धितोपत्र बजारमा काम गर्न खोज्ने बजार सहभागीहरूको फ्यासिलिटेटर हुन जरूरी छ। अहिलेको जस्तो नियामकीय दृष्टिकोणले धितोपत्र बजारको दायरा विस्तारभन्दा पनि इन्ट्री ब्यारियरका रूपमा भूमिका खेलेको छ।

यसर्थ, विद्यमान 'लाइसेन्स राज' को अन्त्य गरी ओपन इन्ट्री र ओपन एग्जिटको व्यवस्था अगाडि बढाउन र धितोपत्रको प्राथमिक निष्कासनको समयलाई छोट्याएर डेढ-दुई महिनाभित्र निर्णय गर्ने गरी समयसीमा तोकी कार्य गर्न समेत अब आउने नेतृत्वले नियामकीय व्यवस्थामा फरक दृष्टिकोण राख्न जरूरी छ।

प्रि-आइपिओको नाममा बढिरहेको अनौपचारिक ग्रे-मार्केटको व्यवस्थापन

नेपालको धितोपत्र बजारमा पछिल्ला वर्षहरूमा प्रि-आइपिओको नाममा अनौपचारिक, अपारदर्शी र गैर-नियन्त्रित धितोपत्रको कारोबार बढ्दो छ। धितोपत्र बोर्डले २०८२ भदौमा प्रि-आइपिओको नाममा सर्वसाधारण लगानीकर्तालाई सेयर बिक्री नगर्न/नगराउन सूचित गरे पनि सो कार्य रोकिएको छैन। बरू पछिल्ला दिनहरूमा सो कार्यको मात्रा र घनत्व बढ्दै गइरहेको छ।

यसरी धितोपत्रको कारोबार हुँदा अनावश्यक लेयरिङ हुने, स्पेकुलेटिभ बबल सिर्जना हुने, सर्वसाधारण लगानीकर्ताहरू मिसइन्फर्मेसन र डिसइन्फर्मेसनको सिकार हुने, संस्थासँग सम्बन्धित निर्णयमा असमान पहुँच हुने लगायतका समस्या सिर्जना गर्छ।

अर्कोतर्फ, यस्तो कारोबारमा धितोपत्र कारोबारको वास्तविक मूल्य नदेखाइने हुँदा सरकारले प्राप्त गर्नुपर्ने पुँजीगत लाभकरमा समेत गुमिरहेको अवस्था छ। धितोपत्र बजारमा बढिरहेको यस्तो अनौपचारिक प्रि-आइपिओको ग्रे-मार्केटलाई नियामकीय दायरामा ल्याउने चुनौती छ।

लगानीकर्ताको हकहित संरक्षण

नेपालको बजारमा 'इनसाइडर ट्रेडिङ' र कृत्रिम मूल्य हेरफेर ठूलो समस्याका रूपमा छन्। सामाजिक सञ्जालको प्रभाव बढ्दै जाँदा यो समस्या दिनानुदिन बढ्दो छ। यी विकृति रोक्न कडा कानुनी प्रावधान र ती कानुनको प्रभावकारी कार्यान्वयन जरूरी हुन्छ। यसका लागि चुस्त-दुरुस्त अनुगमन प्रणाली समेत आवश्यक पर्छ।

तर पछिल्लो समय धितोपत्र सम्बन्धी कसुरको अनुसन्धानको विषय धितोपत्र बोर्डबाट खोसेर बोर्डलाई कमजोर बनाउने काम भएको छ। यो अनुसन्धानको अधिकार बोर्डमा फिर्ता गर्ने, धितोपत्र सम्बन्धी कसुरको पुनः व्याख्या गरी दायरा विस्तार गर्ने, इन्साइडर ट्रेडिङ, सर्कुलर ट्रेडिङ, प्राइस म्यानिपुलेसन लगायतका कार्यमा संलग्नलाई कडा जरिवाना र कैदको व्यवस्था सहित धितोपत्र ऐन संशोधन गर्न नेतृत्वले सरकारलाई दबाब दिनुपर्ने चुनौती छ।

त्यस्तै, सूचीकृत कम्पनीहरूको संस्थागत सुशासनमा सुधार गर्न स्वतन्त्र सञ्चालकको संख्या वृद्धि गर्ने, अनिवार्य गर्ने, वित्तीय विवरण रिपोर्टिङ मापदण्ड अनिवार्य रूपमा लागू गर्ने लगायतका व्यवस्था गर्नुपर्ने छ। साथै, धितोपत्रको क्षक्क्ष्ल वितरणमा भएको अन्योलता अन्त्य गरी उक्त कार्यमा एकरूपता कायम गर्नुपर्ने लगायत रणनीतिक सेयरधनीको सेयर कारोबारका लागि फरक व्यवस्था गर्ने विषयमा सम्बोधन गर्न जरूरी छ।

स्टार्टअप र साना व्यवसायका लागि पहुँच

विद्यमान 'साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१' मा भएका व्यावहारिक कठिनाइहरूलाई हटाएर साना तथा मझौला उद्यमहरूलाई पुँजी बजारबाट सहजै स्रोत जुटाउन सक्ने प्लेटफर्म उपलब्ध गराउन आवश्यक सहजीकरण बोर्डले गर्न जरूरी छ।

स्टार्टअपहरूका लागि विशिष्टीकृत लगानी कोषमार्फत अनिवार्य रूपमा लगानी गर्ने वातावरण बनाउने र उनीहरूका लागि 'प्राइभेट र पब्लिक लिस्टिङ प्लेटफर्म' को व्यवस्था गर्नु अबको नेतृत्वको महत्वपूर्ण कार्य हुनेछ।

एनआरएन तथा वैदेशिक लगानीलाई पुँजीबजारमा भित्राउने

गैरआवासीय नेपाली (एनआरएन) लाई नेपालको पुँजी बजारमा सहज रूपमा कारोबार गर्न सक्ने बनाउने तथा वैदेशिक संस्थागत लगानीकर्ता (क्ष्क्ष) हरूलाई आकर्षित गर्न 'सिंगल विन्डो' प्रणालीमार्फत दर्ता प्रक्रिया सहज बनाउने र मुनाफा फिर्ता लैजाने प्रक्रियालाई सरल बनाउन नेपाल राष्ट्र बैंक सँग समन्वय गर्नु जरूरी छ।

वैदेशिक संस्थागत लगानीकर्ताहरूलाई योग्य संस्थागत लगानीकर्ताका रूपमा धितोपत्र बजारमा प्रवेश गर्न सहजीकरण गर्न आवश्यक छ।

निष्कर्ष

नेपालको पुँजी बजारमा अहिले देखिएको मुख्य समस्या नियमको अभावभन्दा पनि नियम कार्यान्वयनको कमजोरी र नेतृत्वको संकट हो। पुँजी बजारबाट वार्षिक करिब १५ अर्ब मात्रै राजस्व संकलन भइरहेको अवस्थामा यसलाई वृद्धि गर्न करको दर बढाउनुभन्दा पनि बजारको दायरा र उपकरणहरू विस्तार गर्नु बुद्धिमानी हुनेछ।

नयाँ नेतृत्वबाट अपेक्षा केवल अध्यक्षका रूपमा फोटो झुन्ड्याउने मात्र होइन, बरु एउटा गतिशील, पारदर्शी र अन्तर्राष्ट्रिय स्तरको पुँजी बजार निर्माणको भिजनको आवश्यकता हो। बोर्डका कर्मचारीहरूले लामो समयदेखि माग गरिरहेको एउटा स्वायत्त नियामकीय अभ्यास आजको आवश्यकता हो।

याद गर्नुपर्ने विषय के पनि हो भने त्यस्तो स्वायत्ततामा जवाफदेहिता पनि सँगै जोडिएको हुनुपर्छ। यदि अबको नेतृत्वले दृढ इच्छाशक्ति देखाएर माथि उल्लेखित संरचनागत सुधार, प्रविधिको प्रयोग र वित्तीय उपकरणको विविधीकरणमा काम गर्न सकेमा नेपालको पुँजीबजारले राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउन सक्नेछ।

लगानीकर्ताहरूको विश्वास जित्दै र नियामकको विश्वसनीयता स्थापित गर्दै बजारलाई 'स्टाटस को' बाट बाहिर निकाल्नु नै अबको अध्यक्षको वास्तविक परीक्षा हुनेछ। (लेखक अजय ढुंगाना नेपाल धितोपत्र बोर्डका स. निर्देशक हुन्। त्यस्तै नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनका पूर्वअध्यक्ष हुन्।) अनलाईन खबरबाट सभार

# मेगा इण्डियन एजुकेशन एक्सपो




विराटनगर। नेपालीको छिमेकी राष्ट्र भारतका उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूले 'मेगा इण्डियन एजुकेशन एक्सपो' शैक्षिक मेला सोमबार सम्पन्न गरेको छ।

इन्डो ग्लोबल फाउण्डेशन काठमाडौको आयोजना तथा विराटनगरस्थित कृष्णा एजुकेशन फाउण्डेशनको सहयोगमा सो शैक्षिक मेला आयोजना गरिएको थियो।

एकै छानामुनि भारतको विभिन्न शैक्षिक संस्थाको बारेमाछ जानकारी गराउने उद्देश्यले विराटनगरको सिटी प्यालेसमा मेला सञ्चालिन गरेको थियो।

उक्त एक्सपोमा भारतका १५ भन्दा बढी प्रतिष्ठित विश्व विद्यालय तथा कलेजहरूको सहभागिता रहेको छ। एक्सपोमा कक्षा १२ को परीक्षा दिएर बसेका तथा उच्च शिक्षा हासिल गर्न इच्छुक विद्यार्थीहरूलाई भारतीय कलेजका प्रतिनिधिहरूले प्रत्यक्ष परामर्श दिएका छन। त्यस क्रममा प्रतिनिधिहरूले विद्यार्थीलाई कलेजका विभिन्न संकाय, शुल्क विवरण, अन्य सम्भावित खर्च र रोजगारीको अवसर सहितका आफ्ना विशेषताहरू बारे विस्तृत जानकारी गराईरहेका थिए।

एक्सपोमा सहभागी विद्यार्थी मध्ये उत्कृष्ट तीन जनालाई 'एस.जे.ई. ग्रुप अफ इन्स्टिच्युसन्स' ले कलेज ट्युसन शुल्कमा शतप्रतिशत सम्म छुट दिने कृष्णा एजुकेशन फाउण्डेशनका सञ्चालक कृष्ण जायसवालले जानकारी गराएका थिए।

भारतमा अध्ययन गर्न चाहने विद्यार्थीहरूले विभिन्न शहर धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्दै विराटनगरमै एकै छानामुनि सम्पूर्ण जानकारी उपलब्ध गराउन एक्सपो सफल भएको आयोजक इन्डो ग्लोबल फाउण्डेशन काठमाडौका निर्देशक सुदन चौहानले बताएका थिए।

एक्सपोमा सहभागी विद्यार्थीहरूमध्ये गोला प्रथा मार्फत दुई जनालाई एन्ड्रोइड मोबाइल समेत वितरण गरिने आयोजक समितिले जनाएको छ। मेलामा विराटनगर, इटहरी, धरान र इनरुवा लगायत आसपासका पालिकाका विद्यार्थीहरूले अवलोकन गरिहरको थियो।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
कोशी प्रदेश, विराटनगर नेपाल
मितिः २०८३/०१/२८

सवारी प्रशिक्षण केन्द्र (ड्राईभिङ्ग स्कूल) दर्ता सम्बन्धी सूचना

प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ को नियम ६९ (४) मा भएको व्यवस्था बमोजिम नियमावली प्रारम्भ भएको ६ महिनाभित्र प्रशिक्षण केन्द्र, कारखाना वा वर्कसपहरूले प्रचलित कानून र संघीय कानूनले तोके बमोजिमको मापदण्ड पुरा गरी अनुसुची-१ बमोजिमको दस्तुर र नियम ७० को उपनियम (२) बमोजिमको अतिरिक्त दस्तुर समेत बुझाई दर्ता अनुमतिपत्र प्राप्त र नविकरण गरिसक्नु पर्नेछ भन्ने व्यवस्था भए बमोजिम हालसम्म पनि यस मन्त्रालयमा दर्ता नै नभएका र दर्ता वा दर्ता भई नविकरण नगरेका सवारी प्रशिक्षण केन्द्र (ड्राईभिङ स्कुल) ले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र दर्ता तथा नविकरण गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १५६ र नियमावली, २०७७ को नियम ६९ को (१) बमोजिमको कागजातसहित अनिवार्य दर्ता तथा नविकरण गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको म्यादभित्र दर्ता/नविकरण नभएमा कानून बमोजिम कारबाही हुने व्यहोरा समेत यसै सम्बन्धित सबै सरोकारवालाहरूमा जानकारी गराईन्छ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर